# सत्यवती गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
जोहाङ्, गुल्मी
५ नं. प्रदेश, नेपाल

प.सं.:०७६/७७
च.न.:

मितिः-२०७६/०६/०२

## ढुङ्गा, गिट्टी, ग्राभेल, रोडा ,बालुवा आदि प्राकृतिक स्रोतहरुको निकासी कर असुली गर्ने सम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वानको सार्वजनिक सूचना

तेस्रो पटक प्रकाशित मितिः २०७६/०६/०२

यस सत्यवती गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयबाट आ.व.२०७६/७७ का लागि स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को उपदफा (२) (घ) को (६) बमोजिम यस गाउँपालिकाबाट निकासी हुने नदीजन्य पदार्थहरुमा निकासी शुल्क/दस्तुर संकलन गर्न ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकाले प्रचलित कानून बमोजिम दर्ता भई प्रमाणपत्र लिएका योग्य फर्म/कम्पनीले यो सूचना प्रकाशित भएको मितिले ७ औं दिनभित्र यस कार्यालयको संचित खाता नं.१४७००००५२०१ मा वा कार्यालयमा नगदै जम्मा गरी दरभाउपत्र फारम खरिद गरी कबुल गरेको ठेक्का रकम स्पष्ट बुझिने गरी अङ्क र अक्षरमा खुलाई आफै वा आफ्नो प्रतिनिधिमार्फत ८ औं दिनको १२:०० बजेसम्म सिलबन्दी दरभाउपत्र यस कार्यालयमा दाखिला गर्नु पर्नेछ । दर्ता हुन आएका दरभाउपत्रहरु दिनको १:०० बजे यस कार्यालयमा खोलिने छ । दरभाउपत्र दाखिला गर्ने अन्तिम दिन तथा खोल्ने दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट तोकिएकै समयमा खोलिनेछ । दरभाउपत्रको साथमा ठेक्का कबुल अङ्कको कम्तिमा ५% ले हुन आउने रकम यस कार्यालयको धरौटी खाता १४७०००००५१०१ जम्मा गरको सक्कल भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बाणिज्य बैङ्को (१२०) एक सय बीस दिन म्याद भएको विडवण्डको सक्कल प्रति संलग्न राखुपर्नेछ । शर्तहरु लागु हुनेछन् र यस सूचनामा समावेश नभएका कुरा प्रचलित कानूनबमोजिम हुनेछ । दरभाउपत्र स्वीकृत गर्ने, नगर्ने वा रद्द गर्ने लगायतका ठेक्का सम्बन्धी निर्णय गर्ने सम्पूर्ण अधिकार यस कार्यालयसँग सुरक्षित हुनेछ ।

| ठेक्का नं. | मालबस्तु उठाउने बगर क्षेत्र | न्यूनतम ठेक्का अङ्क (मु.अ.कर बाहेक) | फारम दस्तुर | कैफियत |
|---|---|---|---|---|
| ०१-०७६/७७ | सत्यवती -१ मा पर्ने बडिगाड खोला र काली गण्डकी नदीको बगरक्षेत्र । | रु.६,००,०००।– | रु.१०००।- | |
| ०२-०७६/७७ | सत्यवती - २ मा पर्ने कालीगण्डकी नदीको बगर क्षेत्र | रु.४,००,०००।– | रु.१०००।- | |

2076।6।2

यादव भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

इमेलः-satyawatigaunpalika@gmail.com फोन नं:-०७९-४११०७६ वेवसाइटः- www.satyawatimun.gov.np